आज मिति २०८१/०६/२२ गते बिहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान बहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री नरेन्द्र बहादुर खाती | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १**

यस उपमहानगरपालिकाले **सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम** मार्फत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कार्य गरिरहेको सन्दर्भमा यस अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुलाई अँग्रेजी भाषाको तालिम, कार्यालयका कर्मचारीहरुलाई शैक्षिक गुणस्तर सुधार तथा व्यवस्थापन सम्बन्धी सुझाव सल्लाह, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई विद्यालयको व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सुझाव सल्लाहका लागि २ जना अष्ट्रेलियन स्वयम् सेवकको सहयोगका लागि श्री अष्ट्रेलियन भोलिन्टियर प्रोग्राम, नेपाल अफिस, नयाँबस्ती मार्ग १३५ (२९५९), काठमाडौंलाई र सोको लागि आवश्यक प्रक्रिया अगाडी बढाई सहयोग गरिदिनका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वैदेशिक सहयोग समन्वय शाखा, सिंहदरबार, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

यस धनगढी उप-महानगरपालिका वडा नं. १ स्थित जिल्ला प्रशासन कार्यालयको अगाडी पट्टीको खाली जग्गामा पार्क निर्माण गर्ने कार्यका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ३**

निर्वाचन आयोगद्वारा सञ्चालन हुने सबै तहको निर्वाचनका लागि तोकिने मतदानका केन्द्र मध्ये यस धनगढी उप-महानगरपालिका वडा नं. ३ को जनता आधारभूत विद्यालय, विशालनगरमा तोकिंदै आएको हुँदा हाल उक्त विद्यालयको प्राङ्गण परिसरभित्र नयाँ थप भौतिक संरचनाहरु निर्माण भई साँघुरिदै गएकोले उक्त वडाको केन्द्रबिन्दुमा पर्ने धनगढी उप-महानगरपालिका, ३ नं. वडा कार्यालयको परिसरभित्र पर्याप्त मात्रामा खुला क्षेत्र रहेको हुँदा अब उप्रान्त हुने सबै तहको निर्वाचनको लागि उक्त वडा नं. ३ को मतदान केन्द्र धनगढी उप-महानगरपालिका, ३ नं. वडा कार्यालय, चटकपुरलाई तोकि दिनको लागि आवश्यक सिफारिस गरिदिन हुन भनी धनगढी उप-महानगरपालिका, ३ नं. वडा कार्यालयको मिति २०८१/०५/१६ गते बसेको बैठकको निर्णयको प्रतिलिपी सहित प.सं.७३२, मिति २०८/०५/१९ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त मतदान केन्द्र परिवर्तन गरी वडा नं. ३ को वडा कार्यालय परिसरलाई तोक्नका लागि सम्बन्धित प्रदेश निर्वाचन कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीलाई सिफारिस गरी पठाउने निर्णय गरियो।

आजको बैठक अन्त गरियो।

CamScanner